Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice


**नेपाल महाभूकम्प २०७२ अपडेट : ३२औं दिन**
**मिति : ०७२ जेठ ११**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६७६
घाइते : २१,९५२

## विनाशकारी भूकम्पको एक महिना

नेपालमा विक्रम सम्वत १९९० पछिको सबैभन्दा ठूलो भूकम्प गएको एक महिना बितिसकेको छ। वैशाख १२ गते गएको भूकम्पपछि दिनहुँजसो आइरहेका परकम्पनहरूबाट पनि क्षति भइरहेको छ । पीडितहरू जीवनयापनका आधारभूत आवश्यकताको परिपूर्तिका लागि निजी तवरबाट प्रयत्नशील हुन थालेका छन् । यस्तो खालको अकल्पनीय विपतको व्यवस्थापन गर्नु सहज त पक्कै हुँदैन । एक महिनाको अवधिमा राज्यले आफ्नो कर्तव्य निर्वाह गर्दा भएका कमजोरीको समीक्षा गर्नु स्वभाविक हो । जेठ ११ गते राष्ट्रिय पुनर्निर्माण परामर्श समितिको बैठकमा यी विषयमा सरकारले आफ्ना कमजोरी स्वीकारेको छ। बैठकमा गृहसचिवले प्रतिवेदन प्रस्तुत गरेका थिए ।

अन्तरिम राहतबाहेक अन्य धेरै विषयहरू छन्, जसको सम्बोधनका लागि सबै नागरिकले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । विस्थापितहरूका लागि बसोबासलगायत शिक्षा, स्वास्थ्य र रोजगारीको उपाय, भत्किएका घरहरूको व्यवस्थापन, नयाँ बासस्थान निर्माण आदि आगामी दिनका चुनौती हुन् । यस्ता समस्याको समाधान कसरी गर्ने, ती समस्या समाधान गर्न गैरसरकारी क्षेत्रले कस्तो भूमिका निर्वाह गर्ने, नागरिकले आफ्नो कर्तव्य कसरी निर्वाह गर्ने भन्ने विषयमा विस्तृत योजना सरकारबाट आउनु आवश्यक देखिन्छ ।

### उल्लेख्य

- पाल्पाको जिल्ला कारागार भूकम्पबाट क्षति पुगेपछि २ सय ८९ जना पुरुष बन्दीहरू असुरक्षितरूपमा बस्दै आएका छन् । इन्सेकको एक टोलीले कारागारको अनुगमन गरेको थियो ।
- इन्सेक केन्द्रीय कार्यालय र मध्यमाञ्चल क्षेत्रीय कार्यालयका प्रतिनिधिहरू सम्मिलित टोलीले भूकम्पबाट पूर्णरुपमा क्षतिग्रस्त रहेको नागार्जुन नगरपालिका स्युचाटार गाउँस्थित बिन्दु परियारको घरको भग्नावशेष पन्छाउँदै जेठ १२ गते श्रमदान गरेका छन् ।
- भूकम्पले ध्वस्त बनाएको दोलखाको स्थलगत अवलोकनका लागि जेठ ११ गते दोलखा आएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पुनः निर्माण र पुनर्स्थापनाका लागि छिमेकी राष्ट्रको सहयोग लिनु पर्ने बताएका छन् ।
- रामेछापमा राजनीतिक दलहरूबीचको विवादको कारण भूकम्प प्रभावितहरूका लागि राहत वितरणलगायतका काम प्रभावित भएका छन् । जिल्लामा रहेका प्रमुख राजनीतिक दलहरू नेपाली काङ्ग्रेस, नेकपा एमाले र एनेकपा माओवादी पार्टीबीच उत्पन्न विवादको कारण भूकम्प प्रभावितहरूको राहत वितरण लगायतका काम प्रभावित भएका छन् ।
- राष्ट्रिय मानव अधिकार आयोगले काभ्रेपलाञ्चोक जिल्लामा विश्व खाद्य कार्यक्रमले उपलब्ध गराई नेपाल रेडक्रस सोसाईटीद्वारा भूकम्प पीडितलाई वितरण गरिएको चामल गुणस्तरहीन रहेको जनाउँदै ती दुई संस्थालाई कानुनी दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गराएको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/


Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline